632

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ३७१/२०७१/०७२

निर्णय नं. ४५

ललितपुर जिल्ला इमाडोल बस्ने सञ्जय अधिकारी समेत ....१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, पशुपति क्षेत्र विकास कोष, देउपाटन, काठमाडौं ....१ विपक्षी
सूचना अधिकारी, पशुपति क्षेत्र विकास कोष, देउपाटन, काठमाडौं १

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

ललितपुर जिल्ला इमाडोल बस्ने सञ्जय अधिकारी समेतले पशुपति क्षेत्र विकास कोष, देउपाटन, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।०२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी पशुपति क्षेत्र विकास कोष, देउपाटन, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. मुल मन्दिरको पछिल्लो त्रैमासिक आय व्यय ।

२. गत महिनामा पञ्चामृतमा खर्च भएको विलको विवरण/प्रतिलिपि ।

३. भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दिएको चन्दनको विवरण ।

(यशोदादेवी तिम्सिना) (किरणकुमार पोखरेल) (कृष्णहरि बाँस्कोटा)
सूचना आयुक्त सूचना आयुक्त प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल भदौ २१ गते रोज २ शुभम् ।